श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।
बैठक सञ्चालन मितिः २०८०।१२।२० गते।
बैठक बसेको समयः बिहान ८.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |



Scanned with CamScanner

मिति २०८०।१२।२० गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| अन्य उपस्थितिः | | | |
| श्री | | | |

प्रस्तावहरू

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | सडक मर्मतको अपुग रकम ब्यवस्थापन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| २. | दिर्घरोगीहरूको मासिक भत्ता सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ३. | महिला तथा जेष्ठ नागरिक भवनको बाँकी रकम भुक्तानी सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ४. | जिल्ला प्रशासन कार्यालयलाई फर्निचर सहयोग सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ५. | वडा सदस्यलाई आर्थिक सहयोग सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ६. | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | बहुक्षेत्रीय पोषण उपशाखा |
| ७. | विवधः | सबै |

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा यस गाउँपालिकाभरीको सडक मर्मत गर्दा हिउदे अधिवेशन समेतबाट थप गरेको रकमले समेत भुक्तानी गर्न अपुग भएको तथा सासुको ईच्छा बुहारीलाई शिक्षा कार्यक्रमको लागि रकम अपुग भएको तथा भुक्तानी गर्नैपर्ने भएकोले कार्यसम्पन्न भई आएका कार्यक्रमका लागि बाँकी भुक्तानी गर्न यस गाउँपालिकाको समपुरक कोषबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा यस गाउँपालिकामा अघिल्लो आर्थिक वर्षमा दिर्घरोगीहरुको लागि मासिक भत्ता भुक्तानी हुन नसकेको हुँदा दायित्व सिर्जना भईसकेको रकम आ.व. २०७९।०८० र सो भन्दा अघि सम्झौता भई स्रोत अभावका कारणले भुक्तानी दिन बाँकी कार्यक्रमसँग सम्बन्धित खर्चको भुक्तानी शिर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।



Scanned with CamScanner

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा यस गाउँपालिकाको महिला बालबालिका अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकका लागि भवन निर्माणको अन्तिम बिल भुक्तानी गर्न दायित्व सिर्जना भईसकेको यवम् स्रोत अभावका कारणले भुक्तानी दिन बाँकी कार्यक्रमसँग सम्बन्धित खर्चको भुक्तानी शिर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट फर्निचर माग भई आएकोले उक्त कार्यालयलाई फर्निचर खरिद गरी सहयोग गर्न यस गाउँपालिकाको समपुरक कोषबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १० का वडा सदस्य श्री यु माया आले मगर बिरामी भई अपरेसनका क्रममा भएको खर्चमध्ये रु३००००।- निजलाई यस गाउँपालिकाको नागरिक सहायता कोषबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा यस गाउँपालिका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८०।१२।२० गतेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

विविधः

क. यस गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्स भाडा सम्बन्धमा छलफल गर्दा अहिले भइरहेको भाडादर बढी भएको जनगुनासो आएकोले यस सिन्धुली जिल्लामा कायम भएको भाडादरमा २५% कम गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ख. यस गाउँपालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्नको लागि गाउँपालिका अन्तर्गत कार्यरत सम्पूर्ण जनप्रतिनिधि, शिक्षक, कर्मचारी तथा संघ संस्थामा आवद्ध र समाजका अगुवा व्यक्तित्वहरूलाई आगामी शैक्षिक सत्रबाट आफ्ना बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा भर्ना गरी पठनपाठन गराउन हुन सरोकारवाला सबैमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ग. यस गाउँपालिकाको वडा नं. ४ निवासी जेष्ठ नागरिक श्री छत्र वहादुर बोगटीको घरको आर्थिक अवस्था एकदमै कमजोर र विपन्न परिवार भएकोले मिति २०८०।०२।०१ गते बिरामी भई उपचारको लागि एम्बुलेन्सबाट काठमाडौं लगेको भाडा अघिल्लो आर्थिक वर्षमा भुक्तानी हुन नसकेको नियमानुसार पाउनुपर्ने भाडा बापतको रकम रु १७५००।- <u>दायित्व सिर्जना भईसकेको रकम आ.व. २०७९।०८०</u>

र सो भन्दा अघि सम्झौता भई स्रोत अभावका कारणले भुक्तानी दिन बाँकी कार्यक्रमसँग सम्बन्धित खर्चको भुक्तानी शिर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

घ. मिति २०८०।१२।२० गतेका दिन यस गाउँपालिका र यातायात व्यवसायी विच भएको बैठकको भाडा घटाउने सम्बन्धी निर्णय बमोजिम हाल कायम रहेको गाउँपालिका केन्द्रवाट सिन्धुली सम्मको भाडादर रु ३७०।- बाट रु ७०।- घटाई रु ३००।- मात्र कायम गर्ने लगायतका सम्पूर्ण निर्णय अनुमोदन गरी सोही बमोजिम गर्न गराउन सम्बन्धित सरोकारवालालाई अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

सिम

गंगा



Scanned with CamScanner